# फ्ल्यासब्याक' कथाको रचना विधान

**ध्रुवराज गौतम**
सहप्राध्यापक : नेपाली विभाग, जनता विद्यापीठ, ने. सं. वि., दाङ।
Email : dhurbaraj18@gmail.com

Received Date : Dec. 13, 2025 Reviewed Date : Jan. 12, 2026 Accepted Date : Fab. 09, 2026

## सारसङ्क्षेप

*शिक्षण पेसासँगै नेपाली भाषा,साहित्यसिद्धान्त समीक्षासँग सम्बद्ध पाठ्यपुस्तक, सन्दर्भपुस्तक लेखन तथा दर्जनौँ अनुसन्धानमूलक काममा समेत समर्पित कथाकार यादवप्रकाश लामिछाने बहुआयामिक प्रतिभाका धनी स्रष्टा मानिन्छन् । समाजका उत्पीडित वर्गप्रति विशेष सहानुभूति राखी समानता र समन्यायलाई जोड दिने उनको संयोग (कथा सङ्ग्रह) मा रहेका एक दर्जन कथाहरूमध्येको 'फ्ल्यासब्याक' कथाको रचनाविधानमा यो लेख केन्द्रित भएको छ। गुणात्मक ढाँचाको अध्ययनमा आधारित यस लेखमा कथालाई रचनाविधानको सौन्दर्यशास्त्रीय मानकभित्र राखेर अध्ययन गरिएको छ । संभावनारहित नमूना छनोट पद्धति अन्तर्गत उद्देश्यमूलक नमूना छनोट पद्धतिका आधारमा 'फ्ल्यासब्याक' कथालाई छानिएको छ । सैद्धान्तिक विमर्श उल्लेख भएका ग्रन्थ र अन्य लेखहरूका अतिरिक्त सूक्ष्म अवलोकन र प्रयोगबाट तथ्य सङ्कलन गरिएको छ । यसरी सङ्कलित तथ्यको अध्ययन तथा विश्लेषणबाट तथ्य निरूपण गर्ने काम भएको छ । यसक्रममा वर्णनात्मक, विश्लेषणात्मक र तार्किक विधिका साथै आगमनात्मक विधिको समेत उपयोग गरिएको छ । कथाको रचनाविधानमा खासगरी संरचना र रूपविन्यासलाई आधार मानी अध्ययन गरिएको छ । पूर्वी तराईको ग्रामीण समाज र त्यहाँ बस्ने सतार समुदायको दाइ पात्रको जीवन कथा कथामा प्रस्तुत छ । उसको कुलतको सानो कमजोरीबाट फाइदा उठाई दण्डित गरिएको छ । उसको सम्पूर्ण जायजेथा प्रहरी, प्रशासन र अदालतको आडमा छिमेकीले हत्याएको मात्र नभई पत्नी, छोरी र बुहारीप्रति भएको यौन दुराचार सहनु उसको बाध्यता भएको छ । यसरी नेपाली समाजमा वर्षौंदेखि बलिया बनेर बसेका पीडाप्रद जीवनकथालाई कथाकारले साँच्चिकै सजीव रूपमा पस्किएका छन् । कथामा आख्यानपक्ष केही कमजोर र पात्रको न्यून प्रयोग भए तापनि यसको सारवस्तु निकै सबल छ । पात्रका भाव र मर्मअनुरूपका पद तथा वाक्यहरूको प्रयोगका साथै तिनले निर्माण गर्ने मानसिक तस्विररूपी बिम्ब र प्रतीकहरूले कथाको संरचनापक्ष बलियो देखिनुका साथै पूर्वस्मृति–अतीतावलोकनको सुन्दर प्रयोगले कथा थप सशक्त बनेको निष्कर्ष यस अध्ययनले देखाएको छ ।*

***शब्दकुञ्जी :*** फ्ल्यासब्याक, दृष्टिबिन्दु, रचनाविधान, सर्वदर्शी, सौन्दर्यशास्त्र।

## विषय परिचय

आधुनिक नेपाली कथालेखनको समसामयिक कालका प्रगतिवादी स्रष्टा हुन् कथाकार यादवप्रकाश लामिछाने । अर्खौले जितपुर १ धनकुटामा वि. सं. २०११ असोज १३ जन्मिएका यिनी पेसाले प्राध्यापक हुन् । सानैदेखि सिर्जनशील स्वभाव भएका यिनको प्रथम प्रकाशित कृति *शिक्षण* हो । खासगरी विद्यालय तथा विश्वविद्यालयीय अध्यापन कार्यमा जीवनको उर्वर समय अर्थात् बयालिस वसन्त व्यतीत गरेका यिनले सिर्जना र समालोचना दुबै विधामा कलम चलाएको देखिन्छ । नेपाली साहित्यमा एम. ए., एम. एड. र विद्यावारिधि तहसम्मको उच्च शिक्षा लिएका यिनी उच्च प्राज्ञिक व्यक्तित्व हुन् । नेपाली व्याकरण, कथा, उपन्यास, कविता, भाषाविज्ञान, समालोचना, नियात्रा, संस्मरण आदि साहित्यका सबैजसो विधामा विद्यालय तथा विश्वविद्यालयसँग सम्बद्ध पाठ्यपुस्तक र दर्जनौँ अनुसन्धानमूलक प्रतिवेदन, कार्यपत्रलेखन, सन्दर्भ पुस्तक र समालोचनाको प्रकाशन एवम् स्नातकोत्तर र विद्यावारिधि तहका शोधनिर्देशन गरिसकेका यिनले पछिल्लो समयमा आफूलाई कथाकारका रूपमा समेत चिनाएका छन् । समयसमयमा विभिन्न पत्रिकाहरूमा फुटकर रचनाका रूपमा कथाहरू प्रकाशित भए तापनि सिङ्गो कृतिका रूपमा उनको एक दर्जन कथाहरूको सङ्ग्रह हो *'संयोग'* । अध्यापनका क्रममा प्राध्यापकका वर्गीय हकहितका लागि अग्रमोर्चामा रहेर नेतृत्वदायी भूमिका समेत खेलेका यिनले आफ्नो विचारको स्पष्ट रङ र क्षेत्र कथा लेखनमा पनि देखाएका छन् । उनले स्रष्टाले समसामयिक युगजीवनका भोगाइलाई अभिव्यक्तिको माध्यम बनाएर प्रस्तुत गरिरहँदा सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक आदि पक्षको पनि ख्याल राख्नै पर्छ भन्ने मान्यतालाई आत्मकथनमा आफैँले स्वीकार गरेका छन् । सामाजिक उत्पीडन, दासता र अन्यायका विरुद्ध विरोधका आवाज बुलन्द गर्न चाहने माक्र्सवादी दर्शनका अध्येता  यिनको कथाकार चरित्रले समकालीन जीवनका समस्या र पीडा, यातना र यन्त्रणा अनि त्यसबाट उन्मुक्ति र आमूल परिवर्तनको चेत ओकलेको छ । प्राध्यापन तथा लेखन कर्मसँगै साङ्गठनिक कार्यसञ्चालन र प्रशासनिक जिम्मेवारी र त्यसको यथोचित व्यवस्थापन अनि आफ्नो हृदयमा सामाजिक जीवनका विभेदप्रतिको प्रतिरोध एवम् समानताप्रतिको प्रतिबद्धता कथाको कलेवरमा पनि सुरक्षित रहिरहेको प्रमाण *संयोगका* कथाहरू हुन् (एटम, कथासितको संयोग ) । यिनका कथामा खासगरी त्रासदपूर्ण यथास्थितिमा नै रहेर मुक्ति असम्भव  छ भन्ने सत्यलाई पुष्टि गर्दै परिवर्तनको अपेक्षालाई प्रस्तुत गरिएको छ । जीवनको भोगाइ र  जीवनको आकाङ्क्षा आजका समाजवादी कथाको स्वर बनेको छ । जीवन र कथालाई जोडेर अघि बढाउने कथाकार खगेन्द्र सङ्ग्रौला, ऋषिराज बराल, इस्माली, घनश्याम ढकाल, दिल सहनी, हरिगोविन्द लुइटेल आदि स्रष्टाले बनाएको बाटोमा  लामिछानेको कथाकारिताले पछ्याउँदै गरेको देखिन्छ । वि. सं.२०४६ तथा २०६२—२०६३ सालका ऐतिहासिक आन्दोलनहरू जुन उद्देश्यका लागि गरिएका थिए तर ती पूरा हुन सकेनन् । आन्दोलनपूर्व   र पछि उनै व्यक्ति सत्तामा पुगे जो हिजोका शासक थिए। उनै आजका पनि उच्च र विशिष्ट बने । परिणामतः जनतामा निराशा मात्र हात लाग्यो। यो बिब्ल्याँटो र विडम्बना जनताका लागि अत्यन्त अप्रिय नकारात्मक यथार्थ रह्यो भने समकालीन प्रगतिवादी कथाकारले यसलाई आफ्ना कथारचनाको मुख्य कथ्य बनाएर प्रस्तुत गरेको देखिन्छ । (पाण्डेय, पृ. १५४) यसै पृष्ठभूमिमा

लामिछानेको कथालेखन भुइँमान्छेका तीता भोगाइमा सहानुभूतिको मल्हम पस्किन सक्षम देखिन्छ । उनको कथासङ्ग्रह *संयोग* त्यसैको एक स्वरूप हो । यस आलेखमा सोही कथा सङ्ग्रहमा रहेको वि.सं. २०७६ मा *शब्दाङ्कुर* पत्रिकामा प्रथम पटक प्रकाशित भएको *'फ्ल्यासब्याक'* कथाको रचनाविधान के कस्तो रहेको छ ? भन्ने कुरालाई समस्याका रूपमा लिइएको छ । यस समस्यालाई कथाको रचनाविधान सिद्धान्तका मान्य आधारका दृष्टिले अध्ययन गर्ने कार्यलाई प्रमुख उद्देश्य बनाइएको छ । यस क्रममा रचनाविधानका संरचक तत्त्वहरूको विस्तृत सैद्धान्तिक विमर्श नगरी तिनका आधारमा कृतिको विवेचन गर्नु यसको सीमा रहेको छ ।

## अध्ययन विधि

यस अध्ययनमा निम्नानुसारको अध्ययन विधि प्रयोग गरिएको छ ।

### अनुसन्धानको ढाँचा

यो गुणात्मक ढाँचाको अध्ययन हो । यसमा कथामा भएका तथ्यहरूलाई कथाको रचनाविधानका सैद्धान्तिक मानकभित्र राखेर अध्ययन गरिएको छ ।

### नमूना छनोट

प्रस्तुत अध्ययनमा कथाकार यादवप्रकाश लामिछानेका प्रकाशित विभिन्न सिर्जनाहरूमध्ये संभावनारहित नमूना छनोट पद्धति अन्तर्गतको उद्देश्यमूलक नमूना छनोट पद्धतिका आधारमा *'संयोग'* कथा सङ्ग्रहमा रहेको *'फ्लयासब्याक'* कथा छनोट गरिएको छ ।

### तथ्य सङ्कलन

प्रस्तुत अध्ययनमा *'संयोग'* कथा सङ्ग्रह र यसका बारेमा गरिएका खोज, लेखन चर्चा अनि कथाको रचनाविधान सम्बद्ध सैद्धान्तिक विमर्श गरिएका ग्रन्थ र अन्य लेखका साथै सूक्ष्म अवलोकन र प्रयोग समेतलाई आधार बनाएर तथ्य सङ्कलन गरिएको छ ।

### तथ्य सङ्कलनका साधन

प्रस्तुत लेखमा प्राथमिक र द्वितीयक स्रोतका सामग्रीको उपयोग गरिएको छ । प्राथमिक सामग्रीका रूपमा विद्यार्थी पुस्तक भण्डारद्वारा प्रकाशित *'संयोग'* कथा सङ्ग्रह ( वि. सं. २०८०) मा समाविष्ट भएको *'फ्ल्यासब्याक'* कथा रहेको छ । यस्तै द्वितीयक सामग्रीका रूपमा कथाकार लामिछाने र उनको *'फ्ल्यासब्याक'* कथाबारे गरिएका अध्ययन, समीक्षा अनि कथाको रचनाविधानसँग सम्बन्धित सैद्धान्तिक सामग्री रहेका छन् । यी उल्लिखित सामग्रीहरू पुस्तकालय, विद्युतीय माध्यम एवम् प्रत्यक्ष भेटघाटबाट सङ्कलन गरिएका छन् ।

### तथ्य विश्लेषण प्रक्रिया

कथामा रहेका तथ्यको रचनाविधानका मान्य सिद्धान्तभित्र राखेर अध्ययन गरी निष्कर्षमा पुग्ने काम गरिएको छ । अध्ययन,अवलोकन, उदाहरण र विश्लेषणबाट तथ्यनिरूपण गरिएको यस लेखमा मूलतः आगमनात्मक विधिको

प्रयोग भएको छ । कथाको रचनाविधानको चर्चा गर्दा वर्णनात्मक, विश्लेषणात्मक र तार्किक विधिको समेत उपयोग गरिएको छ ।

## सैद्धान्तिक पर्याधार

साहित्यका काव्य, नाट्य, आख्यान र निबन्ध गरी प्रमुख चार विधाहरूमध्ये आख्यान अन्तर्गत पर्ने कथा सर्वप्रिय र प्राचीन विधा हो । मानव जीवनको उत्पत्ति र विकाससँगै कथाले पनि आफूलाई कुनै न कुनै रूपमा जोडेको छ । कथामा जीवनको कुनै महत्त्वपूर्ण घटना वा विशिष्ट पक्षको संवेदनात्मक अनुभूति हुन्छ (थापा, २०५०, पृ. २८१) । स्रष्टाद्वारा जीवनका आफ्ना विविध भोगाइ, निश्चित मूल्य, भाव र उद्देश्यका साथ प्रस्तुत हुने विशिष्ट कलात्मक सिर्जना मानिने कथा आफैँमा साङ्ग रचना हो । यो त्यस्तो यौगिक रचना हो जसमा भिन्नभिन्न तत्त्वहरू संश्लिष्ट भएर एउटा अङ्गको निर्माण भएको हुन्छ । शास्त्रीय विश्लेषणबाट ती तत्त्वहरूलाई पृथक् पृथक् गरी निरीक्षणका आधारमा तिनका मूल्यलाई अङ्कन गर्न सकिन्छ ( श्रेष्ठ,०४८, पृ. २८१ ) । आफ्नो सानो आयतन वा रूपमा जीवन र जगत्को सजीव चित्र कोर्ने कथा जहिले पनि यौगिक भएर नै स्थापित भएको छ । आख्यानशास्त्रले प्रत्येक कथालाई कलात्मक, सामाजिक, सांस्कृतिक पक्षबाटसमेत् एउटा सम्पूर्ण एकाइ मान्छ । यसले कथालाई एउटा सिङ्गो संरचनाका रूपमा हेर्छ र त्यसको विश्लेषण, व्याख्या तथा मूल्याङ्कन गर्छ (शर्मा, २०५५, पृ. २४८) । यस आधारमा हेर्दा कथामा कथावस्तु, पात्र र चरित्रचित्रण, संवाद वा कथोपकथन, देशकाल परिस्थिति, भाषाशैली र उद्देश्य मूलभूत अङ्गहरू हुन्छन् भनिने अवधारण पछिल्लो समयमा आइपुग्दा निकै प्राचीन भइसकेको छ । यसले नवातिनव कथालेखन, वस्तु, प्रयोग र शिल्पपक्षको वर्तमान वस्तुस्थितिको समीचीन स्वरूप पस्किन सक्दैन । यसर्थ बदलिँदो कथाकारिता, प्रवृत्ति र प्रस्तुतिसँगै कथाका मूलभूत अङ्गका रूपमा कथानक, चरित्र, परिवेश, दृष्टिबिन्दु , शैली र स्वर, प्रतीक र बिम्ब तथा सारवस्तुलाई उल्लेख गरिएको पाइन्छ ( एटम, २०६१, पृ.१०३ ) । सर्जकका मनोजगत्मा उत्पन्न अमूर्त भावलाई मूर्त रूप दिने माध्यमका रूपमा देखिने यी कथाका अङ्गहरूमा स्रष्टा, समीक्षक तथा अध्येताहरूमा मतैक्यता पाइँदैन । व्यक्तिका आआफ्ना दर्शन, दृष्टिकोण र वैचारिक आग्रहका कारण यसका सबै तथ्यमा एकता नहुनु कुनै अनौठो मानिँदैन । यसक्रममा कथालाई एक दर्शनका रूपमा गहन शास्त्रीय विवेचना गरी यसको रचनाविधान पक्षलाई नितान्त नवीन पद्धतिमा दयाराम श्रेष्ठले प्रस्तुत गरेका छन् । उनका अनुसार आधुनिक कथालाई संरचना र रूपविन्यास गरी दुई भागमा विभाजन गरिएको छ । त्यसमा पनि संरचनाअन्तर्गत कथावस्तु, दृष्टिबिन्दु, पात्र र सारवस्तु छन् भने रूपविन्यासमा संवृतविवृत रूपविन्यास, पदविन्यास, वाक्यविन्यास, विम्ब, तुलना, प्रतीक र शीर्षक रहेका छन् (श्रेष्ठ, २०६८ पृ. ३७५–३९४) । सिर्जनाको कुनै सीमा वा घेरा हुँदैन । यसलाई स्रष्टाले आआफ्नै शिल्पले जुनसुकै गति, ताल वा लयमा हिँडाउन सक्छ भन्दाभन्दै पनि त्यसका केही सीमा हुने हुँदा कथाले एउटा स्वरूप, लक्ष्य र प्राप्तिको तहमा आफूलाई उभ्याउन सैद्धान्तिक अवधारणालाई स्वीकार गर्नै पर्ने बाध्यता रहन्छ । यसर्थ माथि उल्लेख गरिएका संरचना ( कथावस्तु, दृष्टिविन्दु, पात्र र सारवस्तु ) र रूपविन्यास ( संवृतविवृत रूपविन्यास, पदविन्यास, वाक्यविन्यास,

विम्ब,  तुलना, प्रतीक र शीर्षक ) लाई मूल आधार मानेर कथाकार यादवप्रकाश लामिछानेको *'फ्ल्यासब्याक'* कथाको रचनाविधानबारे अध्ययन यस आलेखमा गरिएको छ।

## 'फ्ल्यासब्याक' कथाको रचनाविधान

*फ्ल्यासब्याक'* कथाको रचनाविधानलाई संरचना र रूपविन्यास गरी दुई खण्डमा विभाजन गरेर निम्नानुसार चर्चा गरिएको छ।

**संरचना**

कथाको बुनोट पक्षसँग सम्बद्ध संरचनालाई कथावस्तु, दृष्टिबिन्दु, पात्र र सारवस्तु गरी अलगअलग गरेर चर्चा गर्नु उपयुक्त हुन्छ।

**कथावस्तु**

कथावस्तु कथाको सबैभन्दा स्थूल र सबल तत्त्व मानिन्छ। यसमा आवश्यक घटनाहरूको  श्रृङ्खलाबद्ध र कलात्मक गठनगुम्फन गरिएको हुन्छ ( थापा, २०५०, पृ. ३८१ )। जीवन र जगत्का श्रृङ्खलित र विश्रृङ्खलित वस्तुतथ्य र सत्यलाई स्रष्टाले श्रृङ्खलित रूपमा रैखिक वा वृत्ताकारीय ढाँचामा कथावस्तुको निर्माण गरी प्रस्तुत गर्दछ। यसलाई द्वन्द्वयुक्त क्रियाव्यापार कै एउटा कार्यकारण सम्बन्धद्वारा श्रृङ्खलाबद्ध ढाँचाको प्रस्तुतिका रूपमा लिन सकिन्छ ( श्रेष्ठ, २०६८, पृ. ३८१)। यसको अभावमा कथाको विधागत रूपाकृतिको कल्पनासमेत हुन सक्दैन। *'फ्ल्यासब्याक'* कथा मझौला आकृति भएको नेपालको पूर्वी तराईमा फरक क्षेत्र र जातिका समुदायको एकीकृत बसोबास र त्यसले निम्त्याएका समविषम यथार्थको प्रस्तुति हो। पूर्वी पहाड, भुटान र भारतका विभिन्न ठाउँबाट समयसमयमा बसाइँसराइ अनि कामको खोजीमा जाने केन्द्र हो मधेस। क्षेत्री, बाहुन, मगर, गुरुङ, राई, लिम्बु, राजवंशी, सतार, सन्थाल आदि जातिको सघन बसोबास र त्यसले पुस्तौँपुस्तादेखि मधेसलाई घर ठानेर बस्ने सरल, अपठित र कर्मशील मानिसको जीवनमा पारेको प्रभाव यस कथाको मूल कथावस्तु हो। कथाकार स्वयम् र सतार समुदायको दाइ नामले सम्बोधित यी दुई पात्रले कथा कथेका छन्। शताब्दी पुरानो सिमलको रुख, मौवाको रुख, ताडी र खजुरका होचाअग्ला रुखहरू, चिसाङ खोलाको बगर, कच्ची सडक अनि साना नहरहरूको चर्चासँगै खेतीपातीमा रमाउने जीवन यहाँ छ। खेती किसानी गर्ने, मुसा मार्ने, गीठाभ्याकुर खोजेर खाँदै जीवनरथ अघि बढाउँदै दलेली हाट, पशु हाट आदिमा साइकिल, गोरुगाडी अनि राँगागाडीमा कच्ची सडक हुँदै ओहोरदोहोर गर्ने यहाँका मानिस कालीका भक्त मात्र नभई आआफ्ना संस्कार  र संस्कृतिलाई वरण गर्न तल्लीन छन्।विराटनगर, धरान, धनकुटा र भोजपुरबाट आएका मानिस जिम्मावालहरू छन्। गाउँ आफैँमा सुन्दर, कर्मशील र सहयोगी हुँदाहुँदै पनि केही चेतनाको कमीले कुलतमा लागेका रैथानेको कमजोरीको फाइदा पहाडेले उठाएका छन्। यसबारे कथाकार लेख्छन् – "दसौँ बिगाहा जमिन हुने व्यक्ति, एक दशक पछि नाङ्गो भएर जसले जग्गा किन्यो उसैकहाँ हली गोठालो बस्नुपरेको बाध्यता पनि पेचिलो नै छ। पुस्तैनी हली गोठालो बसेको परिवार पनि छ  (पृ. २)।  पच्चिस बिगाहा जमिनको मालिक दश वर्षमा नै सडकमा आउनुमा केवल  कुलत मात्र नभई आफूलाई टाठाबाठा भन्ने र प्रशासनलाई हातमा लिई गरिने शोषण र लुटको नमूना कथामा छ।  छिमेकीले झुट्टा मुद्धा

लगाएर हडपेको जमिन अनि पत्नी, छोरी र बुहारीमाथि गरेको यौन दुर्व्यवहारको साटो फेर्न यसको पात्र वाचाल र साहसी बनेको छ ( एटम, २०८०, कथासितको संयोग ) । बदलाको भावले उत्तेजित बनेको उसले तीर र भाला प्रयोग गरेर जाइलाग्ने भनेको र त्यसलाई कथाकारले सम्झाउँदै सच्चिने मौका दिनुपर्ने आग्रह गर्छन् परन्तु ऊ विश्वस्त हुन र मान्न तयार नभएकै अवस्थामा पैँतालिस वर्षअघि आफूले देखेभोगेको तत्स्थानीय सामाजिक जीवन र वर्तमान आफैँमा अनौठो फ्ल्यासब्याक भएर कथाले विश्राम लिन्छ । मधेसको प्रकृति, भूबनोट, विभिन्न जातजातिको बसोबास र वस्तुस्थितिलाई तथ्यपृष्ठांशका रूपमा प्रस्तुत गरिएको छ भने कथाकारसँग सतार (दाइ) पात्रले जीवनमा भोग्नु परेका पीडा र आक्रोश ओकल्दा द्वन्द्वस्थिरता देखिन्छ । कथामा जब ऊ अन्धो बनेर बदलाको भावले फरुवा, तीर र भाला प्रयोग गरेर शत्रुलाई सिध्याउने मनस्थितिमा पुग्छ , तब कथाले उत्कर्ष विन्दु प्राप्त गर्छ । त्यसपछि कथाकारले उसलाई पाको मान्छेले इवाँक ननिकाली सच्चिने मौका दिनुपर्ने आग्रह गरेसँगै उसले कुनै प्रतिक्रिया नदिए पनि ग्रन्थिवियोजन अर्थात् सम्पूर्ण समस्या वा द्वन्द्वको **गाँठो** फुक्दछ। यसरी हेर्दा *'फ्ल्यासब्याक'* कथा आदि, मध्य र अन्त्यको श्रृङ्खलामा कौतूहलमय बनेर प्रस्तुत भएको छ । यसले कथाकारको मूल उद्देश्यलाई केन्द्रित गरेर आफूलाई हिँडाएको छ ।

## दृष्टिबिन्दु

पारिभाषिक अर्थमा 'दृष्टिबिन्दु ' भनेको कथानकभित्रका एक वा एकभन्दा बढी पात्रहरूको मनभित्र डुबुल्की मार्ने कला हो (श्रेष्ठ, २०७९, पृ. ७४) । यसले कथावस्तुलाई पाठकका निम्ति सम्प्रेषणीय बनाउने काम गर्छ । कथाकारले कल्पना गरेको पात्रलाई कुन स्थानमा राखेर आफ्नो विषयवस्तु पस्किने भन्ने निर्णय स्रष्टाले गर्दछ । यसको प्रयोग गर्दा कथाकार आफ्नो व्यक्तिगत आग्रहबाट अलग रहेर पात्रहरूको निरीक्षण गर्दछ । दृष्टिबिन्दु मूलतः आन्तरिक र बाह्य गरी दुई प्रकारको हुन्छ । यो केवल म र त्यो शब्दको सतही रूपमा मात्र सीमित छैन । यसले चरित्रका मनका अनुभूति, भावना, संवेग, चिन्तन आदिलाई व्यक्त गर्ने सूक्ष्म प्रक्रियासँग मूलतः सम्बन्ध राख्दछ (पराजुली, २०५९, पृ.. ७४ ) । यसमा पनि आन्तरिक अन्तर्गत केन्द्रीय र परिधीय हुन्छन् भने बाह्य दृष्टिबिन्दुमा सर्वदर्शी, सीमित र वस्तुगत पर्दछन् ।

यस आधारमा हेर्दा *'फ्ल्यासब्याक'* कथामा बाह्यअन्तर्गत सर्वदर्शी दृष्टिबिन्दुको प्रयोग भएको छ । कथाकारले सतार समुदायको एक मात्र पात्रलाई दाइ भनी उसको अन्तरकुन्तर नियालेका छन् । उसको मनभित्र डुबुल्की मार्दै मार्मिक अनुभव, भोगाइ र वस्तुस्थितिलाई मधुर संवादमार्फत् अभिव्यक्त गराएका छन् । आफू र आफ्नो परिवारप्रति कुदृष्टि राख्ने छिमेकीबारे कथाकारको जिज्ञासामा उसले भन्छ," इज्जतको सबाल छ, हजुर, हामी गरिब आदमी न छ कसले साथ दिन्छ र ऊसँग टका, पैसा छ, ठूलो आदमी साथमा छ । अड्डा अदालत छ । पुलिस प्रशासन छ न ? ...'ह हजुर ? कसले गरिब किसानीको कुरा सुन्ने ।' हाम्रोजस्तो धेरै आदमीलाई यसै गरिलिएको छ ।' कसले बोल्छ उसको विरोधमा ?' सब फसिहाल्छ ।' जिल्लाका साबहरू पनि दारु र लोकल मुर्गाको लोभमा फसिहाल्छ न' (पृ .५–७ ) ? यसरी आफ्नो इसारामा पात्रलाई मित्रवत् बनाएर नजिकिई सबै विषय अभिव्यक्त गराउने यस दृष्टिबिन्दुको प्रयोगमा कथाकार सचेत र सफल देखिन्छन् ।

## पात्र

'पात्र' कथाको अनिवार्य अङ्ग हो । योबिना कथा बन्दैन । पात्रले नै घटनालाई गति दिन्छ , जीवन दिन्छ र पाठकलाई प्रेरणा दिन्छ –यी सबैका लागि चाहिन्छ एउटा ऊर्जा जुन पात्रबाट नै संभव हुन्छ ( श्रेष्ठ, २०७९, पृ. ५३) । स्रष्टाका मनमा विद्यमान विचार वा भावलाई कथाको स्वरूप दिने अहम् भूमिका पात्रको नै रहन्छ । कथामा पात्रको विन्यासका लागि कुशल हातको आवश्यकता पर्दछ, दक्ष शिल्पकारिता अनिवार्य हुन्छ र चतुर मानसिकता चाहिन्छ भन्ने वस्तुसत्यलाई कथाकार लामिछानेले यस कथामा स्वीकार गरेका छन् । कथा पात्रको भिडयुक्त छैन । कथाकार र सतार समुदायको दाइ पात्र कथामा प्रत्यक्ष रूपमा बोल्छन् भने दाइको छिमेकी अनि जिल्लाका उच्चपदस्थ प्रशासनिक र न्यायिक क्षेत्रका मानिसको चर्चा अप्रत्यक्ष रूपमा आउँछ । उनीहरूका व्यवहार र कर्मले कथामा महत्त्वपूर्ण भूमिका खेलेको छ । आफ्ना जीवनका कथा, भोगाइ, वेदना र अनुभूति पस्किने सतार समूहको दाइ कथाको दृष्टिविन्दु पात्र हो । स्रष्टाले समाजको विरूप अवस्थाको प्रकटीकरण उसैका माध्यमबाट गराएका छन् । चेतनाको दृष्टिले कमजोर र कुलतमा लागेको भए तापनि उसको नैतिक आधार उच्च छ । ऊ भन्छ, "गरिब आदमीको इज्जत छैन, हाम्रो इष्टमित्र छैन ? कुल कुटुम्ब छैन ? हामीलाई सकाउने अनि उही ठूलो भइलिने (पृ. ७)? ऊ दुर्नियतिको भागी हुन बाध्य भएको छ । कथामा उसले आद्यन्त भूमिका वहनसमेत गरेकाले ऊ यस कथाको प्रमुख पात्र पनि हो । उसले जस्तोसुकै चुनौतिलाई सामना गर्न पनि कमजोर ठान्दैन र पूरै समर्पित भएर जस्तै जोखिम मोल्न पनि तयार हुन्छ (श्रेष्ठ, २०७९, पृ. ६५ ) । ऊ तीर, भाला, आदि घरेलु हतियार प्रयोग गरेर भए पनि छिमेकीलाई सिध्याउने मनस्थितिमा छ । यसरी नै कथामा प्रतिपक्षी पात्रका रूपमा दाइको छिमेकी र जिल्लाका उच्च पदस्थ साबहरू देखिन्छन् । कथामा प्रत्यक्ष उपस्थिति नभएर पनि उनीहरूको चरित्र र व्यवहार प्रतिकूल देखिन्छ । नकारात्मक वा ऋणात्मक विचार लिएर प्रमुख पात्रलाई अधीनस्थ पार्ने प्रभुत्ववादी विचार वा सोचद्वारा अभिप्रेरित यस्ता पात्र आफू अभिमानको चरणमा पुगेका हुन्छन् । अराजक दृष्टि र अरूलाई दबाउने प्रवृत्तिका कारण यस्ता पात्रमा गैरसामाजिक भावना रहेको हुन्छ ( श्रेष्ठ, २०७९, पृ. ६७ ) । यस आधारमा छिमेकीले उसको जग्गा हडप्ने काम गर्यो अनि कीर्ते मुद्दा गरेर सुकुम्बासी मात्रै बनाएन पत्नी, बुहारी र छोरीमाथि यौनदुराचारमा समेत संलग्न भयो । जिल्लाका उच्चपदस्थ व्यक्तिहरू रक्सी र मासुमा बिकेर सत्यतथ्य निरूपण गरी न्यायिक फैसला दिनुको साटो पदीय दायित्वको विपरीत शक्तिको पछि लागे । यसर्थ कथामा उनीहरू प्रतिकूल पात्र हुन् । कथाको मुख्य पात्रका भित्री रहस्य खोतल्न खप्पिस कथाकार कथाको पूरक पात्रका रूपमा देखापर्छ । ऊ कथाको मूल कथावस्तुको प्रवाहसँगै जोडिएर आएको छ । यसरी यस कथाको पात्रनिर्धारण, व्यवस्थापन स्वाभाविक, वास्तविक, विश्वसनीय एवम् जीवन्त देखापर्छ । पात्रहरू प्रत्यक्ष रूपमा कथामा आफैँ उपस्थित नहुनु र आफ्ना भाव नपस्किनु यसको सीमा मान्नुपर्ने देखिन्छ ।

## सारवस्तु

सारवस्तु आफैँमा कथाको मेरुदण्ड हो । कथाकार समाजको एक प्रतिनिधि पात्र हुने भएकाले उसले आफ्नो जीवनमा देखेभोगे र बुझेका महत्त्वपूर्ण तत्त्वलाई कथाको स्वरूप दिँदा लिने लक्ष्य वा उद्देश्य हो सारवस्तु । कथाले

पाठकलाई के दियो वा पाठकले कथाबाट के पायो भन्ने रहस्य यसैसँग सम्बन्धित छ । कथा जुनसुकै कालखण्ड, प्रयोग र परिवेशलाई आधार मानेर लेखिए पनि सारवस्तु विहीन हुन सक्दैन । यसले खासगरी के कुरामा जोड दिन्छ भने कथामा अर्थ पनि हुन्छ र उद्देश्य पनि हुन्छ । कथामा पात्र, घटना, परिवेश इत्यादि सिर्जेर ती सबैलाई एकीकृत गर्ने सूत्रको काम नै सारवस्तुले गर्दछ (श्रेष्ठ, २०६८,पृ. ३९०) । यसलाई कथाकारले आफ्नो रुचिअनुसार अभिधात्मक, अन्योक्तिमूलक र प्रतीकात्मक विभिन्न ढाँचाका माध्यमबाट प्रस्तुत गरेका हुन्छन् ।

यस आधारमा हेर्दा *'फ्ल्यासब्याक'* कथा खासगरी मधेसको सामाजिक यथार्थको आडमा प्रगति चेतनाको दिशानिर्देश गर्ने कथा हो । समाजमा आर्थिक दृष्टिले विपन्न बनेका–बनाइएका वर्गका व्यथालाई आत्मीयता, भावुकता र गतिशीलताको छाप कथाले छाडेको छ । कथामा सतार पात्रले भोगेको शोषणको पीडा र आक्रोशको अभिव्यक्ति यसको चूरो हो । कथाकार लेख्छन्, "जालसाजीको पनि हद हुन्छ नि । मान्छेको जात न हो । एउटा हेप्ने, दाब्ने र सताउने र अर्को निम्छरो बन्ने । " सानो माछालाई ठूलो माछा खान्छ रे भन्थे । मान्छे मान्छेमा यस्तो विभेद ? आखिर किन ? केका लागि (पृ.३) ? उनले उठाएका यी प्रश्न सामान्य छैनन् । समाजका आफूलाई उच्च र विशिष्ट भन्न मन पराउने कथित पुरातनवादी सामन्ती सत्ता र त्यसकै भरणपोषणमा आफ्नो पदीय दायित्व बिर्सेर बिक्ने प्रशासनिक र कानुनी क्षेत्रका अनैतिक एवम् भ्रष्ट व्यक्ति यसका मूल जड हुन् । समाजका किनारीकृत व्यक्तिहरूमाथि सत्ताले गरेको विभेदपूर्ण व्यवहारप्रति प्रतिशोधी भावना जागृत् हुनु आफैँमा यथार्थको अस्वीकार र प्रतिरोध हो । गाउँमा परिआएको बखतमा गरिब वर्गले नै हरेक कामकुरामा धनीलाई सघाउने तर उनीहरूले त्यसको गलत फाइदा उठाएर खुन पसिना चुसी अस्तित्व नै समाप्त पारिदिन खोजेकोले आक्रोशित बन्नु उसको बाध्यता हो । ऊ भन्छ, '' मकानमा छ नि ? त्यो तीर भाला ? ' अँ हो त्यसैले सिध्याइँदिन्छ अनि थाहा पाउँछ । ' (पृ. ७ ) सतार समुदायको दाइ पात्रका यी कथन अति सर्वत्र वर्जयेत्का परिणाम हुन् । छिमेकीले आफ्नो हुँदाखाँदाको बिगौँ बिगाह जमिन हडप्नु अनि पत्नी, छोरी र बुहारीसमेतलाई कुदृष्टि राख्नुले उसलाई आक्रामक बनाएको छ । आफूमाथि आइलाग्नेसँग सहेर बस्नु हुँदैन । प्रतिकार अन्तिम विकल्प हो भन्दै खासगरी विपन्न वर्गमाथि उच्च वर्गले गरेको शोषण र त्यसले निम्त्याएको सङ्कटलाई प्रस्तुत गर्नु यस कथाको सारवस्तु हो ।

**रूपविन्यास**

कथाको निर्माणमा महत्त्वपूर्ण भूमिका खेल्ने सूक्ष्म तत्त्वहरू रूपविन्यास अन्तर्गत पर्दछन् । यिनीहरूको पारस्परिक समन्वयबाट मात्र कथाले एउटा स्वरूप वा आकृति प्राप्त गर्दछ । कथाको मूल सारवस्तु समान भए पनि कथाकारको रूपविन्यासगत प्रयोगको विविधताले त्यसको स्वरूप भिन्न हुन्छ । रूपविन्यासमा पदविन्यास, वाक्यविन्यास, बिम्ब, तुलना, प्रतीक र शीर्षक समाविष्ट हुन्छन् (श्रेष्ठ,२०६८, पृ. ३९२) । *'फ्ल्यासब्याक'* कथाको यिनै उल्लिखित तत्त्वहरूका आधारमा निम्नानुसार चर्चा गरिएको छ -

**पदविन्यास**

यस कथाको पदविन्यास संवृतरूपविन्यास प्रकृतिको रहेको छ । कथाकारले आफ्नो मूल कथ्यलाई प्रस्तुत गर्न पात्र र उद्देश्य अनुकूलका शब्द तथा पदहरूको प्रयोग गरेका छन् । यसमा कथाको मूल पात्रले प्रयोग गर्ने भाषामा

पदहरूको रखाइ उसको स्तर अनुसारको छ । उसको आफ्नो निजीपन र मिठास यहाँ भेटिन्छ । कथाकारको जिज्ञासामा छोरा र बुहारी काममा गएछ । ...छोरी बजार गएछ । बुढी घरमै छ भन्छ । अभिव्यक्तिमा पृथक् लवज छ । ऊ आफूलाई सताउने छिमेकीबारे आक्रोश र आवेग ओकल्दै भन्छ, 'त्यो पञ्चेतीको कुरा गरिलिनुभएको ? त्यो पापी छ, खराब आदमी छ । (पृ. ५) यहाँ एकातिर सम्मान छ भने अर्कातिर रिस घृणा । एउटै वाक्यमा प्रयुक्त 'पञ्चेती' ले छिमेकीप्रतिको नकारात्मक धारणा र 'गरिलिनुभएको' ले स्रष्टाप्रतिको उच्च सम्मान प्रकट गरेका छन् । कथामा घटना र भाव अनुरूपका पदविन्यासका थप नमूना प्रशस्त भेटिन्छन् । 'थोडै पढेलिखेको आदमी हो र हामी ।' '...दु बिगावाला त्यसै खाइलियो । ' हाम्रो कुरा हाकिम पनि सुनेन । उनीहरू मिलिलियो ,यो हाम्रो बिजोग भइहाल्यो (पृ. ६ ) । यहाँ प्रयुक्त पदहरूको चयन र तिनमा लुकेको भावले सतार समुदायको पात्रमाथि भएको चौतर्फी असहयोग, शोषण र निम्न तहका अशिक्षित एवम् सरल व्यक्तिको पारिवारिक जीवन कसरी पीडादायी बन्न पुग्छ भन्ने कुरा देखाएका छन् । यस आधारमा पदहरूको चयन र उपयुक्त विन्यासले कथालाई थप सबल र सशक्त बनाएको छ ।

**वाक्यविन्यास**

कथामा प्रयोग भएका वाक्यहरूको गठन प्रकृति वाक्यविन्यास अन्तर्गत पर्दछ । यो कथापात्रले अभिव्यक्त गर्ने भाषिक स्वरूपको माध्यम पनि हो । *'फ्ल्यासब्याक'* कथामा प्रयोग भएका धेरैजसो वाक्य व्याकरणिक क्रममा नै रहेका छन् भने केही काव्यात्मक, संवादात्मक र विशिष्ट पदक्रममा छन् । क्रियाविहीन वाक्यको समेत प्रचुर मात्रामा प्रयोग भएको पाइन्छ । कथाकार कतै कतै फरकफरक ढाँचा र शिल्पमा पनि प्रस्तुत भएका छन् भने कतै परम्परित । कथामा रहेका केही त्यस्ता नमूनालाई निम्नानुसार उल्लेख गर्न सकिन्छ–

(क)

१. मधेसको घर ।

२. जस्तापाता लगाएको बरण्डा ।

३. पूर्वतिर फर्किएको सिलिङसहितको तीन तला ।

४. घरको दक्षिणतिर मौवाको झ्याम्म परेको ठूलो रुख ।

५. उत्तरतिर हाँगैहाँगा भएको झण्डै सय वर्ष वर्षभन्दा पनि बढी उमेरको देखिने झाँगिएको विशालकाय सिमलको रुख ।

(ख)

१. अनि के भयो त ? त्यसपछि ?

२ साँझ परेको थियो नि त्यसबेला ?

३. अँ, अनि के भो ? मेरो हातमा फरुवा बोकेको थियो नि ?

४. 'त्यसैले ठोक्छु भनेको त त्यो भागिलियो मकानको पछाडिबाट ।'

(ग)

१.बस्तीको उत्तरपट्टि झाँगडहरू ससाना झुप्राहरू बनाएर खेती किसानीमा व्यस्त देखिन्छन् ।

२ खै हजुर, तमासीले सबै बिगारो ।

३. हामी सब बजार गइलिएको थियो ।

(घ)

१. ना, हुँदैन, झन् हल्ला गुल्ला भइहाल्छन् अनि सब बरवाद भइलिन्छ ।

२. भएसम्म आफ्नै खेती गर्छन् नभए अरूकै ठेक्का अँधियामा काम गर्छन् .

३. त्यसको कित्ता उल्लेख गरेर कागज गराइलिएको रहेछ अनि म्यादभित्र साउँ ब्याज तिर्न सकेन भनेर दाबी गरिलियो र मुद्दा हार्यो, हामीले ।

(ङ)

१. दसौँ बिसौँ बिगाहा जमीन हुने व्यक्ति, एक दशक पछि नाङ्गो भएर जसले जग्ग किन्यो उसैकहाँ हलीगोठालो बस्नु परेको बाध्यता पनि पेचिलो नै छ ।

२. 'दु वर्ष पछि अदालतमा मुद्दा दिएछ, ऋण लिएको तिर्न सकेन भनेर हाम्रो छ नि पूर्वपश्चिमवाला दुटा सरी ? लफडा गरिलियो नि ?'

३. यस्तो होइन हेर, उसको पनि परिवार होला नि ? भनेर सच्चिने मौका दिनुपर्छ ।

माथि दिइएका उदाहरणहरूमध्ये (क) मा क्रियाहीन विशिष्ट पदक्रमयुक्त वाक्यविन्यास देखिन्छ भने (ख) मा नाटकीय रचनालाई सङ्केत गर्ने संवादात्मक प्रयोगको । संवादमा कथाकार र कथानायक वा मूलपात्रका विचार सजीव र कलात्मक छन् तर यी कथाका मात्र नभई नाट्यकृतिकाझैँ प्रतीत हुन्छन् । यसरी नै (ग), (घ) र (ङ) का उदाहरणहरू क्रमशः सरल, संयुक्त र मिश्र वाक्यका नमूना हुन् । कथामा संरचनागत आधारमा मात्र नभई भावगत आधारमा पनि प्रश्न, आज्ञा, विस्मय आदिसूचक पर्याप्त वाक्य रहेका छन् । यसरी हेर्दा यो कथा संवृत तथा विवृत रूपविन्यासयुक्त मिश्रित खालको रहेको छ ।

**बिम्ब**

आफ्ना सिर्जनामा सर्जकले निर्माण गरेको अदृश्य आकृति वा स्वरूप नै बिम्ब हो । यसलाई सर्जकका मानसपटलमा रहेको मानसिक तस्विरलाई सम्मूर्तित गर्ने चित्रात्मक भाषाका रूपमा पनि लिन सकिन्छ (गौतम, २०६०, पृ. १) । पाठकको अनुभूतिमा व्यापक प्रभाव पार्ने बिम्बको प्रयोगका लागि कथाकारमा भाषिक कुशलताको आवश्यकता पर्दछ । यस आधारमा *'फ्ल्यासब्याक'* कथा उल्लेख्य देखापर्छ । यसमा प्रस्तुत गरिएका विषय, शैली र भावले पाठकका मनमा पृथक् पहिचानयुक्त बिम्बको सिर्जना गर्दछ । नेपाली समाजमा विद्यमान वर्गीय विभेद, अन्धो कानुन, भ्रष्ट प्रशासन, उच्च वर्गको बलमिच्याइ र त्यसले सिर्जना गरेका अनन्त पीडा कथामा आएका छन् । बिम्बात्मक अभिव्यक्तिका केही नमूना निम्नानुसार रहेका छन् -

(क) 'इज्जको सबाल छ हजुर, हामी गरिब आदमी न छ ? कसले साथ दिन्छ र ? ऊसँग टका, पैसा छ ठूलो आदमी साथमा छ । अड्डा अदालत छ । पुलिस छ न ।

(ख) हँ, हजुर ? कसले गरिब किसानीको कुरा सुन्ने ।' हाम्रोजस्तो धेरै आदमीलाई यसै गरिलिएको छ ।' कसले बोल्छ उसको विरोधमा ? सब फसिहाल्छ ।'

(ग) हाम्रो परिवारमाथि आइलाग्ने, छोरीमाथि नराम्रो काम गर्ने, अनि बहुमाथि आँखा लगाइलिने ? हामी टोलवासी होइन ?

कथामा रहेका उल्लिखित केही नमूनालाई हेर्दा कथाको मूलपात्र सतार समुदायको दाइले आफ्नो सबै सम्पत्ति गुमाउनु, परिवारका सदस्यप्रति भए गरेका दुराचार सहनु अनि कहीँ कतैबाट सानो सहयोग नपाई चौतर्फी घेराबन्दीमा परेकोले आफ्नो आर्तनाद व्यक्त गरेको छ । जसले पाठकका मनमा सहानुभूति जगाउने मात्र नभई समाजमा विद्यमान कर्तुतहरू बिम्बमय भएर उसका मनोजगत्मा सल्बलाउन थाल्दछन् । कथामा संवेदनात्मक, समसामयिक यथार्थ, पारदर्शी, सजीव तथा सामाजिक बिम्बका नमूना प्रशस्त रहेका छन् । यसर्थ बिम्ब प्रयोगका दृष्टिले समेत यो कथा महत्त्वपूर्ण देखापर्छ ।

## तुलना

विवृत रूपविन्यास भएका रचनामा तुलनाको प्रयोग हुन्छ । यसले कथाको रूपविन्यासलाई आकर्षक बनाउन मद्धत गर्दछ । इतिहास, संस्कृति र मिथकको यथोचित प्रयोगले कथाको अर्थगाम्भीर्यमा सहयोग पुर्याउँछ । यस आधारमा '*फ्ल्यासब्याक'* कथामा रहेका निम्नलिखित उदाहरणलाई लिन सकिन्छ -

(क) भारतको दुम्का जिल्लाबाट हाम्रा पुर्खा सय वर्षभन्दा अगाडि खेतीपाती र सिकारमा रमाउन आएका जानकारी दिने सतारहरू आफ्नो भाषा, आफ्नो भेषभुषासहित रमेर र जमेर बसेका देखिन्छन् ।

(ख) केही विराटनगर र केही धरान, धनकुटा, भोजपुरतिरका जिम्मावालहरू ।

(ग) उत्तरतिर हाँगैहाँगा भएको झण्डै सय वर्षभन्दा पनि बढी उमेरको देखिने झाँगिएको विशालकाय सिमलको रुख ।

(घ) दैनिक नुहाउने, सरसफाइमा ध्यान दिने अनि खासगरी कालीको पूजा आराधना गर्नमै खुसी रहन्छन् , उनीहरू ।

(ङ) 'त्यो पञ्चेतीको कुरा गरिलिनु भएको ? हो त ?

उल्लिखित उदाहरणहरूमध्ये पहिलोमा नेपालमा बोलिने विभिन्न भाषा परिवारका भाषामध्ये आग्नेली भाषा परिवारको सतार वा सन्थाल भाषाका प्रयोक्ता सतार जातिका नेपालीको आगमनको पुख्र्यौली इतिहास र पेसा बताइएको छ भने दोस्रोमा राणाकालीन समयमा आफ्नो सहजता र राज्यको सञ्चालनका लागि राणाहरूले ठाउँठाउँमा जिम्मावालहरूलाई नियुक्त गर्ने र तिनीहरूमार्फत् जनतामाथि शासन लाद्ने सन्दर्भको चर्चा छ । यस्तै तेस्रोमा वरपिपल, शमीलाकुरी, आँप, सिमल आदिका रुखहरू रोप्ने, चौतारी चिन्ने, पोखरी खन्ने नेपाली संस्कृतिको सङ्केत छ । शताब्दी पुरानो इतिहास बोकेको सिमलको रुख हाम्रो प्राचीन पद्धति र परम्पराको ऐतिहासिक आधार बनेर ठिङ्ग उभिएको छ । चौथोमा सतार समुदायको धार्मिक आस्था, श्रद्धा र विश्वाससँगै दैनिक जीवनपद्धति उल्लेख छ भने पाँचौंमा प्रयुक्त 'पञ्चेती' शब्दमा राणाकालीन समयमा जनतासामु मनोवैज्ञानिक त्रास सिर्जना गरी शासन चलाउने पञ्चहरूको अर्थ मिथक बनेर आएको छ ।

**प्रतीक**

सिर्जनात्मक लेखनमा प्रयोग हुने प्रतीक कलाको एक भाषिक प्रकार हो । जसले वस्तु र विषयका बीचमा समन्वय गर्दै विषयलाई थप स्पष्ट पार्न मद्धत गर्दछ । यसले मूर्त अमूर्त दुबै वस्तु वा स्थिति विशेषको प्रतिनिधित्व गर्छ र यो आफैँ भाषा बनेर व्यक्त हुन थाल्दछ । (श्रेष्ठ, २०६८, पृ. ३९३ ) ।  कथामा यसको अनिवार्य उपस्थिति अपेक्षित हुँदैन परन्तु कथाकारको आफ्नो रुचि र प्रयोगले कथाको शैली र कलात्मक सौष्ठवको वृद्धिमा टेवा पुर्याउँछ । यस आधारमा 'फ्ल्यासब्याक' कथालाई हेर्दा कथाकारले आफ्नै प्रकारका मौलिक प्रतीकहरूको प्रयोग गरेका छन् । यसक्रममा कथामा विभिन्न स्थान र प्रसङ्गमा प्रयुक्त दैवीशक्तिका रूपमा–'काली, राणाकालीन समयमा गाउँघरमा हुने न्यायनिसाफको जिम्मेवारी वहन गर्ने समूहका रूपमा 'पञ्चेती', कर असुलकर्ताका रूपमा 'जिम्मावाल,' कृषिकर्मका बेला औजार र बिपद्को बेला हतियारका रूपमा फरुवा, भाटा, तीर, भाला शब्दहरूको प्रयोग भएको छ । यी प्रतीकको प्रयोग कुनै फ्रायडीय मनोविश्लेषणको सिद्धान्तमा आधृत त छैन परन्तु कथाको प्रभावकारिता र सारवस्तुको प्रस्तुतिमा यिनले विशिष्ट भूमिका खेलेका छन् ।

**शीर्षक**

कथामा शीर्षक सबैभन्दा पहिले पाठकले देख्ने र पढ्ने महत्त्वपूर्ण अङ्ग हो । कथाको मूल कथ्यलाई बोक्ने र पाठकलाई आकृष्ट गर्ने क्षमता शीर्षकले राख्नुपर्दछ । प्रतीकात्मक, ध्वन्यात्मक वा लाक्ष्यणिक जुनसुकै ढाँचाको शीर्षक चयन गरिए पनि यो अर्थपूर्ण सारगर्भित तथा औचित्यपूर्ण हुनु जरुरी छ । यस आधारमा हेर्दा *'फ्ल्यासब्याक'* कथाको शीर्षक आफैँमा कौतूहल र रहस्यपूर्ण छ । अङ्ग्रेजी शब्द 'फ्ल्यासब्याक' को नेपालीमा पूर्वस्मृति वा स्मरण हुन्छ । यो एक प्रकारको अतीतावलोकन पनि हो । कथाको शीर्षकले शाब्दिक रूपमा जे अर्थ दिन्छ कथामा पनि त्यही भएको छ । कथान्तमा कथाकारले त्यो मधेस ? यो मधेस । अर्थात् चार दशक अघिको स्थितिलाई पूर्वस्मृतिसँगै वर्तमानसँग जोडेका छन् । उनका सामु हिजोका परिदृश्य आज छैनन् भने आजका हिजो थिएनन् । समयले गाला निचोरेर निदारलाई मुजामुजामा सजाई पैतालिस वसन्त पार गर्दै गर्दा चिन्तन र प्रवृत्ति नफेरिए पनि आफैँमा त्यो कालखण्ड र परिवर्तन एउटा पूर्वस्मृति वा 'फ्ल्यासब्याक' बनेर देखा पर्दा कथाको शीर्षक अभिधार्थमा नै सार्थक भएको छ ।

**निष्कर्ष**

समाजका उत्पीडित वर्गप्रति प्रतिबद्ध र यथार्थप्रति निष्ठावान् भएर सकेसम्म सुन्दर तथा उपयोगी रचना रच्न चाहने ध्येयबाट प्राध्यापन पेसाले खारिएका कथाकार लामिछाने सचेत छन् । विद्यालय तथा विश्वविद्यालयका दर्जनौँ पाठ्यपुस्तक एवम् सन्दर्भ पुस्तक लेखनको निश्चित सीमा वा घेराको पिञ्जराबाट स्वच्छन्द उडानको प्रतिरूप हो उनको सिर्जनशील कर्म । कविता, नियात्रा, संस्मरण तथा कथामा समेत वेग भर्न खोज्ने उनको लेखनको एउटा सुन्दर संयोग हो *संयोग* (कथा सङ्ग्रह ) । यसभित्र रहेका एक दर्जन कथाहरूमध्ये *'फ्ल्याब्याक'* कथा स्रष्टाको विगत र वर्तमानको अनौठो मिश्रण बनेर आएको छ । कथाको रचनाविधानका आधारमा चर्चा गरिएको यस आलेखमा मूलतः संरचना र रूपविन्यासलाई आधार बनाइएको छ । संरचना अन्तर्गत आर्थिक दृष्टिले विपन्न

बनाइएको सतार समुदायको दाइ पात्र र उसको सिङ्गो परिवारमाथि भएको थिचोमिचो अनि उसले न्याय प्राप्त गर्न नसकेको दुखद् स्थिति कथावस्तुका रूपमा आएको छ भने तृतीय पुरुष अन्तर्गत सर्वदर्शी दृष्टिविन्दुको प्रयोग कथामा गरिएको छ । यसमा सतार जातिको दाइ पात्रको अहम् भूमिका छ । छिमेकी र राज्यका जिम्मेवार निकायको गैरजिम्मेवार क्रियाकलाप तथा अमानवीय व्यवहारले दीनहीन बनेको उसको कारुणिक स्थिति सारवस्तुका रूपमा प्रस्तुत छ । कथाको मूलमर्म अनुकूलका पद, पदावली र वाक्यको प्रयोग रहेको यस कथामा संवृत र विवृत रूपविन्यास, क्रियाहीन वाक्य अनि संवादको प्रयोग अधिक देखिन्छ । पात्रका जीवन्त भोगाइ, पीडा र तिनको अभिव्यक्तिमा प्रस्तुत गरिएको बिम्बात्मक प्रस्तुतिले पाठकमा सहानुभूति जागृत गरेको छ । कथामा इतिहास, संस्कृति आदि झल्किने प्राक्सन्दर्भको उल्लेख हुनुका साथै निजात्मक ढाँचाका मौलिक प्रतीकहरूको उपस्थिति भेटिन्छ । कथाकारका आफ्ना पूर्वस्मृतिलाई अतीतावलोकनको ढाँचामा वर्तमानको आँखाले उही ठाउँ र आँगनमा उभिएर नियाल्दाको अनुपम अनुभव र सामाजिक जीवनको जीवन्त यथार्थ प्रस्तुत भएको यस कथालाई रचनाविधानका विविध अङ्गहरूमा चिरफार गरी हेर्दा विधागत सौन्दर्य शास्त्रका दृष्टिले समेत सबल देखिन्छ ।

**कृतज्ञता ज्ञापन**

यस लेखलाई व्यवस्थित र सान्दर्भिक बनाउनका लागि उपयुक्त सुझाव दिनुहुने आदरणीय विषयविज्ञप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु ।

**सन्दर्भसामग्री**

एटम, नेत्र (२०६१). *समालोचनाको स्वरूप*. साझा प्रकाशन ।

एटम, नेत्र (२०८०). कथासितको संयोग.*संयोग* (कथा सङ्ग्रह).यादवप्रकाश लामिछाने विद्यार्थी पुस्तक भण्डार ।

गौतम,लक्ष्मणप्रसाद (२०६०).*समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण*.साझा प्रकाशन ।

थापा, हिमांशु (२०५०). *साहित्य परिचय*.(चौ.सं.). साझा प्रकाशन ।

पराजुली, हरिप्रसाद (२०५९). *कथाको सिद्धान्त र विवेचन*. नेपाल प्रज्ञा प्रतिष्ठान ।

पाण्डे, ताराकान्त (२०५३). *कला साहित्य भूमिका र मूल्याङ्कन*. चिन्तन प्रकाशन प्रा.लि.।

लामिछाने, यादवप्रकाश (२०८०). *संयोग* (कथा सङ्ग्रह). विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, मोहनराज (२०५५). *समकालीन सिद्धान्त र प्रयोग*. नेपाल प्रज्ञा प्रतिष्ठान ।

श्रेष्ठ, दयाराम (२०४८). *नेपाली साहित्यका केही पृष्ठ*. (चौ. सं.). साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम (२०६८). *आधुनिक कथाको रचनाविधान'*.रत्न वृहत् नेपाली समालोचना सैद्धान्तिक खण्ड. सम्पा.राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम. रत्न पुस्तक भण्डार

श्रेष्ठ, दयाराम (२०७९). *कथा दर्शन*. नेपाल प्रज्ञा प्रतिष्ठान ।